# विगु गाउँपालिकाको

# आ.व.२०८२/०८३ को

# नीति तथा कार्यक्रम, २०८२

विगु गाउँपालिका

लादुक,दोलखा

बागमती प्रदेश

# मिति २०८२/०३/१० गते गाउँ सभामा उपाध्यक्ष श्री देविका थामीले प्रस्तुत गर्नुभएको

# आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम

गाउँसभाको अध्यक्ष ज्यू

सभाका सदस्य ज्यूहरु

सभामा उपस्थित विभिन्न राजनितिक दलका प्रतिनिधी ज्यूहरू, कर्मचारी तथा संचारकर्मी मित्रहरु, उपस्थित सम्पुर्ण महानुभावहरु, गाउँपालिकको १७ औं गाउँसभा समारोहमा उपस्थित सबै महिला, सज्जन वृन्दहरुलाई सभामा स्वागत गर्न चाहान्छु ।

यस सम्मानित सभामा आ.व.२०८२/०८३ को निति तथा कार्यक्रम प्रस्तुत गर्न मौकाको लागि सभालाई आभार प्रकट गर्दछु।

यस गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि विगत लामो समयदेखि हालसम्म विभिन्न राजनीतिक तथा सामाजिक व्यक्तित्वहरुले योगदान दिनुभएको छ , वहाँहरुप्रति म हृदयदेखि नै धन्यवाद प्रकट गर्दै आभार व्यक्त गर्न चाहन्छु । गाउँपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रादेशिक र स्थानीय कानूनद्वारा प्रदत्त हक र अधिकारको पालना गर्न तथा कानूनले निर्देशित गरेका काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी कटिबद्ध र प्रतिबद्ध छौं ।

सङ्घीयताको प्राप्तिपछि यस गाउँपालिकाको भौतिक पूर्वाधार तथा सामाजिक विकासको क्षेत्रमा उपलब्धिहरु अपेक्षा गरे अनुरुप हासिल गर्न गराउन सकिएको छैन । अपेक्षित लक्ष्य हासिल गर्नका लागि हामी सम्पूर्ण विगु गाउँपालिकाका जनप्रतिनिधि, सरोकारवाला व्यक्तिहरु, कर्मचारीहरु प्रयत्नरत छौं तथापि आवश्यक विषयगत दक्षता र पर्याप्त जनशक्तिको अभाव आदि कारण हाम्रा लागि बाधक बन्दै आएका छन । यति हुँदाहुँदै पनि शान्त, सभ्य, समृद्ध, सुखी विगु निर्माण गर्न हामी धेरै प्रयासरत छौं । हाम्रो प्रयासलाई सार्थक बनाउन आम नागरिक तथा यस पालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले ठुलो योगदान दिइरहनुभएकोछ ।

वास्तवमा हाम्रो गाउँपालिका भौगोलिक हिसाबले पनि विकट र मानव विकास सूचकाङ्कमा पछाडी , शिक्षा स्वास्थ्यमा पनि तुलनात्मक रुपमा पछाडी परेको साथै प्रशासनिक कर्मचारी न्यून रहेको , पटक पटक

प्रदेश लोकसेवा आयोग तथा सङ्घीय मामिला तथा सामान्य प्रसासन मन्त्रालयमा माग गर्दा समेत रिक्त दरबन्दी पूर्ति गर्न सङ्घ र प्रदेश सरकार उदासिन देखिएको छ ।

यी र अन्य यस्तै कारणहरुले गर्दा यस गाउँपालिकाको सार्वजनिक सेवा चुस्त दुरुस्त राख्न गरेका अधिकतम प्रयास समेत विफल जस्तो भएको अनुभूति गरेका छौं । कमी कमजोरी धेरै पक्षहरुबाट हुने गरेको तर त्यसको दोषको सबैभन्दा ठूलो भागिदार स्थानीय तहको पदाधिकारी नै हुनुपर्ने कुरालाई चिर्नका लागि हामी सबै जनप्रतिनिधि र कर्मचारीहरु प्रयासरत रहेका छौं ।

हालसम्मको गाउँपालिकाबाट भएका विकास निमार्णका कार्यहरुलाई मध्यनजर गर्ने हो भने पूर्वाधार विकासमा हामीले लिएको अपेक्षा अनुसार अत्यन्तै थोरै मात्र काम गर्न सकेको अनुभूति भएको छ । यसको मुख्य कारण बजेट अभाव नै हो । प्राप्त बजेटको अधिकांस बजेट चालू खर्चमा जाने भएको तथा पूँजीगत खर्च अत्यन्तै कम भएकोले भएका लागत हाम्रो अपेक्षा र आवश्यकता अनुसारको अधिकांस कामहरु बजेट अभावकै कारण गर्न नसकिएको कुरा यहाँहरुलाई अवगत गराउँदछु ।

मानव विकास सूचकाङ्कको आधारहरुभित्र पर्ने मुख्य पाटोहरु शिक्षा वा चेतनाको स्तरमा हाम्रो गाउँपालिकाले अझै पनि पछाडि नै छ । सामाजिक चेतनाको अवस्था कस्तो रहने भन्ने कुरा त्यहाँको शिक्षाको अवस्थाले प्रभाव पार्ने हुँदा सामाजिक ज्ञान र चेतनाको कुरामा पनि विगतका दिनभन्दा सुधारोन्मुख भएपनि हालसम्म सन्तोषजनक नरहेको कुरा पानि यहाँहरुलाई अवगत गराउन चाहन्छु । परम्परादेखि समाजमा जीवित रहेका सामाजिक कुरीतिको अवशेषहरु अझै जीवित रहेकोले सो हटाउनका लागि हामी सबैजना एकजुट भएर लाग्नुपर्ने देखिन्छ ।

राष्ट्रिय लक्ष्यको मर्म बमोजिम परिष्कृत तथा मर्यादित जीवन, सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, स्वास्थ्य र सन्तुलित पर्यावरण, सुशासन सबल लोकतन्त्र, राष्ट्रिय एकता, सुरक्षा र सम्मान सर्वसुलभ आधुनिक पूर्वाधार एवम सधन अन्तर आवद्धता, मानव पँुजीको निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, उच्च र दिगो उत्पादन तथा उत्पादकत्व जस्ता विषयलाई स्थानीय तहले खेल्न सक्ने भुमिकालाई महत्वका साथ पालना गरिने छ ।

दिगो विकासको लक्ष्य प्राप्तिको लागि दीर्घकालनीन योजना, वहुवर्षीय योजना निर्माणका लागि अध्ययन गरी पूर्वाधार सामाजिक, आर्थिक, क्षेत्रका योजना पहिचान गरी लागत आँकलन गरी योजना बैैङ्क तयार गरिएको छ । सडकहरुलाई प्राथमिकीकरण गरिएको छ र निर्माण तथा मर्मत सम्भारको कामहरु सोही प्राथमिकीकरण अनुसार गरिने छ ।

हाम्रो गाउँपालिकाभित्र विकास निर्माणका अधिकांस कार्यहरु गर्न बाँकी छन् । विकास निर्माणको लागि अत्यावश्यक बजेट उपलब्धता हुँदा तीव्र गतिमा विकास निर्माणको काममा लाग्न सक्ने कुरालाई गाउँपालिकाले पक्कै पनि अवसरको रुपमा लिएर अगाडि बढेको छ । वास्तवमा हाम्रो गाउँपालिकाभित्र विभिन्न राष्ट्रिय गौरवका आयोजनाहरु विशेषगरी सञ्चालनमा रहेका र केही निर्माणधीन जलविद्युत आयोजना रहेका छन् । सो पनि हाम्रो लागि एउटा अवसरको रुपमा विश्लेषण गर्न सकिन्छ । जलविद्युत आयोजनाहरु निर्माणका क्रममा रहेकाले प्रवद्र्धकहरुसँग सहकार्यका लागि सुरुवात भई सकेको र लगानी, विकास निर्माण, सिप उपयोग वातावरण विकास प्रवद्र्धन जस्ता कार्यमा गाउँपालिकाले विकास साझेदारको रुपमा रहने लिने नीति लिएको छ ।

यस गाउँपालिकाको समग्र पक्षको विकास गरी गुणस्तरीय र सुखी जीवनशैलीको विकास गर्न आ.व.२०८२ ÷०८३ को नीति तथा कार्यक्रम परिलक्षित गरिएको छ । आ.व.२०८१÷८२ को नीति तथा कार्यक्रम तर्जुमा गरिरहँदा यस गाउँपालिकालाई समुन्नत, समृद्ध, आत्मनिर्भर बनाउने खालका नीति कार्यक्रम तथा योजनाहरुलाई प्राथमिकता दिइएको छ । जनताबाट प्रत्यक्ष माग भएका योजना तथा कार्यक्रमहरु समावेश गरी यस गाउँपालिकामा देखिएका सम्भावना र अवसरलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम तय गरिएको बेहोरा अवगत गराउन चाहन्छु ।

यस गाउँपालिकाका सबै वर्ग, क्षेत्र, जातजाति आदिलाई विकासको मूलप्रवाहमा समावेश गरी लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा मूलप्रवाहीकरणमा ल्याउनका लागि यस नीति तथा कार्यक्रमले हामीलाई जिम्मेवार बनाइ पर्याप्त आधार तय गर्नेछ भन्ने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रमलाई सफल बनाउन सबैमा हार्दिकतापूर्वक अनुरोध गर्दछु ।

सभाध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु,

अब म “सर्वाङ्गीण र समावेशी विकास, सुखी र समृद्ध विगुको मूल आधार ”भन्ने दीर्घकालीन सोचका साथ तयार गरिएको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइहेको छु

अध्यक्षज्यू, अब म क्षेत्रगत नीति तथा कार्यक्रमहरुलाई क्रमैसँग प्रस्तुत गर्दै जाने अनुमति चाहन्छु ।

**क) कृषि सम्बन्धी नीतिः**

- कृषि पेशालाई मर्यादित तथा सम्मानित पेशाको रुपमा विकास गरी किसान परिचयपत्रको व्यवस्था गर्नुका साथै परिचयपत्र प्राप्त गरेका किसानहरुलाई सहुलियतपूर्ण दरमा कर्जाको व्यवस्था गर्न संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराइनेछ ।
- कृषि, पशु तथा औषधिजन्य जडीबुटीको अध्ययन (रिसर्च) केन्द्रको स्थापनाको लागि अवश्यक बजेटको व्यवस्था गरिने छ ।
- गाउँपालिकाबाट वितरण हुने विभिन्न कृषि औजारहरु वितरण गर्दा निश्चित मापदण्ड बनाइ वितरण गरिनेछ ।
- कृषिमा अनुदानभन्दा पनि प्रोत्साहन कार्यक्रमलाई जोड दिइनेछ ।
- विगु गाउँपालिकामा जैविक तरकारी तथा फलफूलको प्रबद्र्धन गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ ।
- प्रत्येक वडालाई अलग रुपमा कृषिजन्य तथा फलफूलजन्य नगदेबालीको आवश्यकताको आधारमा पकेट क्षेत्र घोषणा गरी विकास गरिनेछ । कृषि क्षेत्र, कृषकको वर्गीकरण गरी कृषि प्रणालीलाई वैज्ञानिक तरिकाले आधुनिकीकरण गरिनेछ ।
- प्रशस्त मात्रामा दूध उत्पादन हुने क्षेत्रहरुमा दूध संकलन केन्द्रको स्थापना गर्दै लगिनेछ ।
- पशु स्वास्थ्य नीति लागू गरिनेछ ।
- एक वडा एक कृषि बाली कार्यक्रमसँग जोडी बेरोजगार युवाहरुलाई कृषि विषय विज्ञको सल्लाह अनुसार उत्पादनसँग जोडिने छ ।
- यस पालिकाभित्र सञ्चालन भएको मासु पसल तथा बधशाला साथै सम्पूर्ण पसलहरुको बजार अनुगमन गरी मूल्यमा एकरुपता बनाइने छ ।
- यस पालिकामा कृषि उपजका मुख्य बालीहरुको न्यूनतम समर्थन मूल्य कायम गरी कृषिजन्य उत्पादनहरुको सङ्घीय र प्रदेश सरकारको समन्वयमा खरीद एवं भण्डारण गर्ने व्यवस्था मिलाइने छ ।
- कृषिमा आत्मनिर्भर गाउँपालिका निर्माणका लागि स्थानीय खाद्य बालीहरुको खेतीमा युवाहरुलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ ।
- रैथाने तथा उन्नत बिउविजनका लागि नर्सरी तथा बिउविजन बैङ्क स्थापना गरिने छ । साथै मौसमी तथा बेमौसमी बिउविजन सर्वसुलभ बनाइने छ ।
- कृषि पर्यटन, कृषि, पशुजन्य उत्पादनको प्रवद्र्धन तथा बजारको विकास तथा विस्तार गर्न सरकारी, गैरसरकारी तथा अन्य सङ्घ, संस्थाको साझेदारी र सहकार्यमा विगु कृषि मेला प्रदर्शनी आयोजना

गरिने छ साथै वडा स्तरमा उत्पादन भएको कृषिजन्य सामग्रीको बजारीकरण एवं ओसारपसार गर्न सवारी साधनको व्यवस्था गरिने छ ।

- यस विगु गाउँपालिकाभित्र जङ्गली जनावर (बाँदर,दुम्सी, बदेल, मृग) हरुले कृषकहरुको बालीनालीमा व्यापक क्षति पुर्याएकोले रोक्नका निम्ति सरोकारवाला सङ्घ संस्थाहरुसँग समन्वय गरी विशेष कार्यक्रम ल्याइने छ ।
- जैविक विशादी वा किटनाशक औषधी बनाउनका लागि किसानहरुलाई उत्प्रेरित गरिनेछ र रासायनिक मल र किटनाशक औषधीको प्रयोगलाई विस्तारै कम गर्दै लगिनेछ ।
- कृषि उपजको बजारीकरणका लागि कृषि उत्पादन ढुवानी गर्ने व्यवस्था प्रयोजनार्थ कृषि वाहनको व्यवस्था भएको छ साथै कृषि वाहन सन्चालन कार्यविधि २०८२ अनुसार हुनेछ ।
- किसानहरुलाई कृषि विउबिजन, मलखाद, औषधी, कृषि सामग्री प्राविधिकहरुको सुनिश्चित गर्न सरकारी, अर्धसरकारी वा निजी सेवा प्रदायक संघ संस्थासँग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।
- कृषि क्षेत्रको प्रचुर सम्भावना उजागर गर्ने सम्पूर्ण वडाहरुमा नमूना फर्महरु सञ्चालनको लागि पहल गरिनेछ ।
- विशेष योजनासहित व्यवसायिक कृषि फर्म सञ्चालन गर्ने कृषकको लागि सिँचाइ, सडक, विद्युत, मलखमद, प्रविधि र बजारीकरणमा सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकामा उत्पादन हुने खाद्यान्न, फलफूल र तरकारीको खपत गराउन गाउँपालिका क्षेत्रभित्र सुपथ मुल्य पसल खोल्दै गइनेछ ।
- खाली तथा सार्वजनिक जग्गाहरुमा फलफूलका विरुवा लगाइ हरियाली प्रबद्र्धनका साथै आर्थिक बृद्धि बढाउने नीति लिइनेछ ।
- गाउँपालिकाको निश्चित क्षेत्रमा पहिचानको आधारमा व्यवसायिक मौरीपालन कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।
- गाउँपालिकाभित्र भएका कृषि सहकारी, कृषक समूह, कृषि फर्म र व्यवसायिक कृषकहरुको तथ्याङ्क अध्यावधिक गरी कृषि अनुदानलाई व्यवस्थित बनाउन सूचना प्रकाशन मार्फत समान सहभागितामूलक ढंगले कार्यक्रम सञ्चालन गराइनेछ ।
- खेतीबारी बाँझो नराखौं कुनै, परिश्रम गरे फल्छ यहाँ सुनै । गत आ।ब।को यस उक्तिलाई सार्थकता दिन गाउँपालिकाभित्र बाँझो जग्गा सदुपयोगका लागि बाँझो जग्गा सदुपयोग गर्ने कृषकहरुलाई प्रोत्साहन अनुदानको व्यवस्था मिलाईनेछ ।
- पशु तथा कृषिबालीको बिमा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

- व्यवसायिक कृषकले उत्पादन गरेको कृषिउपज वस्त्ुहरु बिक्री गरेको विल भरपाईको आधारमा कृषकहरुलाई उत्पे्ररित गराउन स्थानीय सरकाले थप अनुदानको व्यवस्था गरिने छ ।
- कृषि बालीमा बढ्दो जंगली जनवार लगायत बन्यजन्तु प्रकोपलाई नियन्त्रण गरि बाली संरक्षण सम्बर्दन तथा बिकासका लागि बाँदर नियन्त्रण अभियान संचालनको लागि आवाश्यक बजेटको व्यबस्था गरिने छ । बाँदर नियन्त्रणको लागि पालिकाले थप ऐन कानुन बनाई कार्यन्वयन गरिने छ ।
- रैथाने बालीहरुको बिउ संरक्षण खेति बिस्तार र बजारीकरणको लागि बिशेष प्रबन्ध मिलाईने छ ।गाउँ पालिकामा भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्रान्डको रुपमा त्यसो खाना उपलब्ध गराउने कार्यलाई प्रोत्शाहित गरिने छ ।
- ब्यबसायिक सिप बिकास मार्फत गाउँ पालिकामा पहिचान भएका उधमीहरुलाई प्राबिधिक सहयोग तथा उधम बिकास मोडलमा नयाँ घरेलु उधमी सृजना गरि सम्भाव्य उत्पादनको लागि उचित कदम चालिने छ ।

**ख) शिक्षासम्बन्धी नीति**

- सबै तहका शिक्षालाई थप जीवनोपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ, विद्यार्थीहरुले माध्यमिक तह पूरा गर्दा कम्तीमा एउटा सीपमा स्वरोजगार हुन सक्ने नीति अवलम्वन गरिने छ ।
- गाउँगाउमा अभिभाबक शिक्षा घरघरमा समिक्षा भन्ने मूल नाराको साथ अभिभाबकलाई शिक्षामा जोड्नको लागि अभिभाबक शिक्षा संचालन गरिनेछ ।
- शिक्षामा नायाँ नयाँ ज्ञान र अनुभवलाई आदनप्रदाको लागि प्रधानाध्यापकहरुलाई जनप्रतिनिधी सहितको सहभागितामा नमुना विद्यालयहरुको भ्रमण ताथ अवलोकनको व्यवस्था मिलाइने छ ।
- आधारभूत तह कक्षा ६—८ को स्थानीय पाठ्यक्रम निर्माण ताथ कक्षा ४—५ को शिक्षण सहयोग सामग्री लेखन कार्य सुरुवात गरिने छ ।
- वार्षिक रुपमा उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्ने विद्यार्थी तथा विषय शिक्षकलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि गर्न तथा शिक्षकहरुलाई प्रविधिमैत्री बनाउन शिक्षक तालिम र कार्यशाला संचालन गरिने छ ।

- शिक्षक विद्यार्थी प्रतिभा प्रष्फुटन एवंम सिर्जनात्मक कलाको विकास गर्न पालिका स्तरीय अतिरिक्त क्रियाकलाप तथा शैक्षिक सामग्री प्रदर्शनी मेला आयोजना कार्य संचालन गरिनेछ ।
- बालविकास कक्षालाई थप व्यवस्थित र बालमैत्री बनाउँदै लगिनेछ ।
- गाउँपालिकाले प्रधानाध्यापक कार्यसम्पादन कारर सम्झौता गरी लागु गरिनेछ ।
- निवृत्तिभरण प्राप्त शिक्षकहरुको लागि शैक्षिक अवकाश योजनाको संचालन गरिनेछ ।
- सुत्केरी लगाएत लामो बिदाबाट पर्ने शैक्षिक क्षतीको लागि पालिकामा घुम्ती शिक्षकको व्यवस्था मिलाईनेछ ।
- विद्यार्थी र शिक्षकहरुको प्रतिभा प्रष्फुटन गर्न पालिकास्तरीय स्काउट, विभिन्न अतिरिक्त क्रियाकलाप, विज्ञान, गणित प्रदर्शनी, रेडक्रश जस्ता कार्यक्रम संचालन गरिनेछ ।
- अभिभावकविहिन, जेहेन्दार, सहीद वा बेपत्ता तथा घाइते परिवारका छोराछोरीहरुलाई शिक्षाका लागि छात्रवृत्तिको शुरुवात गरिनेछ ।
- एस.इ.इ. परीक्षामा उत्कृष्ट नतीजा ल्याउने विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- विचमै विद्यालय छाड्ने विद्यार्थीहरुको दर घटाउनका लागि आवश्यक नीति अवलम्वन गरिनेछ ।
- विद्यालयमा रहेका विद्यार्थी संख्या र भौगोलिक अवस्थालाई मध्यनजर गरी विद्यालय समायोजन तथा तह घटुवा तथा दरबन्दी मिलनको नीति अवलम्वन गरिनेछ ।
- विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभाहरुको पहिचान गर्नका लागि विभिन्न क्रियाकलापहरु जस्तै हाजिरीजबाफ, वक्तित्वकला, चित्र लेखन, निबन्ध प्रतियोगिता, हिज्य लेखन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।
- शिक्षालाई बदलिदो परिवेश र प्रविधिको पहँुचमा जोड्नको लागि सबै माध्यामिक विद्यालयहरुमा सिसि क्यामेरा जडान तथा विद्यालयमा कार्यारत शिक्षक कर्मचारीले प्राप्त गर्ने विदा सुविधालाई व्यवस्थित र पारदर्शिताको लागि इ हाजिरीको व्यवस्था गरिने छ ।
- विद्यालय शिक्षाको गुणस्तर सुधारका साथै नतिजा वृद्धिका लागि पालिका भित्र संचालित माध्यामिक विद्यालयहरुलाई क्रमश आवासीय विद्यालयको रुपमा संचालन गर्दै लगिनेछ ।

**(ग) स्वास्थ्य सम्वन्धी नीति**

- हाल देखिएको क्यान्सर,मुटुरोग,मृगौला रोग जस्ता नसर्ने रोगको समयमा पहिचान गर्न वडामा ३० वर्षमाथिका सबै उमेरका नागरिकलाई निशुल्क स्वास्थ्य परिक्षणको ब्यबस्था गरिने छ ।

- स्वास्थ्य बिमा कार्यक्रमलाई प्राथमिकता दिदै बिगुबासी नागरिकहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्द गराईने छ ।
- बिगु स्वास्थ्य केन्द्रलाई आवाश्यक उपकरणको लागि उचित बजेटको ब्यबस्था मिलाईने छ ।
- हाल देखिएको क्यान्सर,मुटुरोग,मृगौला रोग जस्ता नसर्ने रोगको समयमा पहिचान गर्न वडामा ३० वर्षमाथिका सबै उमेरका नागरिकलाई निशुल्क स्वास्थ्य परिक्षणको ब्यबस्था गरिने छ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्राथमिकता दिदै बिगुबासी नागरिकहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्द गराईने छ ।
- विगु गाउँपालिकामा रहेको सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत घरमा हुने सुत्केरीको दरलाइ शुन्य बनाउने नीति अवलम्बन गरिनेछ ।
- जेष्ठ नागरिक तथा दीर्घ रोगीहरुको लागि आवश्यक औषधि निःशुल्क वितरण गरिने कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- गाउँपालिकाभित्र रहेको खोप क्लिनिक र गाउँघर क्लिनिकलाई आवश्यक भौतिक संरचना निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- गर्भवती तथा नवशिशु आमा सुरक्षा कार्यक्रम अन्तर्गत निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिन एम्बुलेन्सलाई क,ख वर्गमा स्तरोन्नति गरिनेछ ।
- महिलाहरुमा हुने पाठेघरको क्यान्सर रोग निःशुल्क परीक्षणको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवालाई थप प्रभावकारी वनाउन विशेषज्ञ डाक्टर सहितको  निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- उकृष्ट स्वास्थ्यकर्मीलाई पुरष्कृत गर्ने नीति लिइनेछ ।
- विगु गाउँपालिकाको शान क्षयरोग मुक्त अभभियान सन्चालन गरिनेछ ।
- सबै स्वास्थ्य चौकीहरुमा ल्याव सेवा विस्तार गर्ने नीति अवलम्वन गरिनेछ ।
- यस गाउँपालिकामा सचालनमा रहेको विगु स्वास्थ्य सेवा केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाको सेवा सुविधा थप गर्दै ६० वर्ष उमेर पूरा भएका स्वास्थ्य महिला स्वयं सेविकाहरुलाई सम्मानजनक विदाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- एक विद्यालय एक नर्स कार्यक्रमलाई आवश्यकता अनुसार विस्तारको प्रवन्ध मिलाइनेछ ।
- कुपोषणमुक्त गाउँपालिका बनाउको लागि आधार तय गरिनेछ ।
- सुत्केरी एकल महिला भेटघाटको कार्यक्रमका लागि उचित बजेटको व्यवस्था गरिने छ ।

### (घ) पूर्वाधार विकास सम्वन्धी नीति

- गाउँ पालिकाको प्रशासकीय भवन संचालनको लागि आवश्यक आर्किटेक्चरल कामको लागि आवश्यक रकम बिनियोजन गरिने छ ।
- संघ तथा प्रदेश सरकारबाट समानीकरण र बिशेष अनुदानबाट बजेटलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।
- विगु गाउँपालिका भित्रका सडक तथा आवश्यक पेर्ने स्थानहरुमा पक्की पुल निर्माणको लागि DPR/EIA/IEE तयार गर्न वजेटको व्यवस्था गरिनेछ ।
- सिंगटि, खोपाचागु, आलम्पु, विगु, सडकलाई क्रमागत योजनामा समावेश गरि बजेटको व्यवस्थापन गरिनेछ।
- मुख्य सडकहरुको स्तरोन्नति गर्दै लैजाने तथा सहायक सडकहरुको समेत आवश्यकताका आधारमा स्तरोन्नति गर्दै लगिनेछ ।
- घर नक्सा पास गर्दै लाने कार्यलाई निरन्तरता दिँदै घर नम्बर समेत कायम गर्नका लागि आवश्यक कार्य गरिनेछ ।
- साझेदार निकायहरुको खोजी गरी पूर्वाधारको क्षेत्रमा साझेदारीको नीति अवलम्बन गरिनेछ ।
- विगु सडक गुरु योजना तयार गरी यसै आव बाट लागू गरिनेछ ।
- उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनामा लागत सहभागिता वा श्रमदानलाई व्यवहारिक र अनिवार्य बनाइनेछ ।
- गाउँपालिकाको सडकमा रहेका मुख्य खण्डहरु गा्रभेल वा कालोपत्रे गर्नको लागि प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध गरिनेछ ।
- आवश्यकताका आधारमा मात्र पूर्वाधार निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिका स्तरीय, वडा स्तरीय, र टोल स्तरीय सडको क्षेत्राधिकार कार्यान्वयनमा ल्याइनेछ
- खानेपानीका थप मुहानहरुको पहिचान गरी सो को संरक्षण कार्यलाइ जोड दिइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि विनियोजित रकममा गाउँपालिकाको रकम थप गरी जनश्रमदान गर्नुपर्ने पूर्वाधार निर्माणका कार्यहरु अगाडि बढाइनेछ ।

### (ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति

उद्यमी बनाऔं घर घरमा नारी

अवहेलना र हिंसा नौ डाँडापारि ।

- हिंसा पिडित महिला, बालबालिका, तथा बृदबृदाहरु जिल्लामा संचालित आश्रय स्थलहरुमा राख्नका लागि बजेटको ब्यबस्था गरि सहयोग गरिने छ ।
- उद्योग रोजगारी र उत्पादनलाई युबाहरुसंग साझेदारी गर्ने नीति लिईने छ ।
- मानसिक रोगीहरुको उपचार तथा पुनर्स्थापनाका लागि मापदण्ड पुगेका स्थानहरुमा साझेदार गरिने छ ।
- लक्षित वर्गको कार्यक्रम संचालनको लागि आवश्यक नीति निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- हाल सञ्चालन हुँदै गरेको उद्यमसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महिलाहरुको क्षमता विकासका लागि मागमा आधारित सिपमूलक तालिम संचालन गरिनेछ, जसका निम्ति उचित बजेटको व्यवस्था गरिनेछ ।
- परिवारबाट अपहेलित जेष्ठ नागरिक र महिलाहरुको संरक्षण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुका लागि महिला सहायता कोष राख्ने तथा एकल महिला तथा सुत्केरी महिला भेटघाट कार्यक्रमलाई निरन्तरता दिने र महिलाहरुका लागि आपत्कालीन कोषको व्यस्थापन गरिनेछ ।
- गाउँपालिकाभित्र बसोबास गर्ने समग्र जनजातिहरुको कला वा संस्कृतिलाई बढवा दिनका लागि एक सङ्ग्रहलाय स्थापना गरिनेछ ।
- दलितहरुको उत्थानका लागि सबै वडा र गाउँपालिकास्तरमा दलित लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकालाई बालमैत्री, महिला मैत्री, तथा अपाङगमैत्री गाउँपालिकाको रुपमा विकास गर्दै लगिनेछ ।
- गाउँपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिहरुको भाषा र संस्कृतिको जगेर्ना गर्नका लागि विविध कार्यक्रमहरु तर्जुमा गरिनेछ, जसका लागि आवश्यक बजेको समेत प्रबन्ध गरिनेछ ।
- लैङ्गिक हिंसा निवारण कोष स्थापना, सञ्चालनका लागि कोष कार्यान्वयन समिति गठन गरी कोष सञ्चालनमा ल्याइने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको (लैससास) लेखाजोखा (अर्डिट) गराइने व्यवस्था मिलाइने छ ।

- महिला तथा किशोरकिशोरीहरुको लागि आधारभूत यौन तथा प्रजनन् स्वास्थ्यमा आधारित सरसफाइ, लागू पदार्थ दुव्र्यसनी, कुलतमा फस्नबाट रोक्न जीवन उपयोगी सिपमा आधारित तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- किशोरी,बालक्लव तथा बाल सङ्गठनहरुको आवश्यकताको आधारमा वडा तथा पालिकास्तरीय नयाँ गठन तथा पुर्नगठन र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- लक्षित वर्गको जीवनस्तर सुधारका लागि सिप, पुँजी र प्रविधि उपलब्ध गराउने ।
- एकल महिलाहरुको सिप, क्षमता र आयआर्जन वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।
- हिंसा मुक्त गाउँ पालिका बनाउनका निम्ति बिभिन्न कार्यक्रम संचालन गरिने छ ।
- हिंसाबाट पिडित महिला तथा किशोरीहरुको निम्ति सहायता कोष निरन्तरता दिईने छ ।

**च) पशु तथा पशु स्वास्थ्य सम्बन्धी नीति**

- गत आ.व. मा संचालित चौरी प्रवर्द्धन कार्यक्रम पाईलट प्रोग्रामको रुपमा लिई आगमी बर्षमा निरन्तरता दिईने छ ।
- विगु गाउँपालिकाका प्रत्येक वडाका कृषकहरुको जीवनस्तर सुधार गर्न पशुपालन गर्ने कृषकलाई आवश्यक पर्ने औषधि तथा खोपजन्य सामग्री व्यवस्था गरिने छ।
- मासु तथा बिक्रि बितरणको लागि आवाश्यक स्थानमा सहयोगको कार्यक्रम ल्याईने छ ।
- गाउँ पालिका भित्र मासु तथा मासु जन्य बस्तुहरु आयात हुँदा गाउँ पालिकामा रहेको पशु प्राबिधिकहरुबाट अनिबार्य चेक जाँच गरि मात्र बिक्रि वितरण गर्न दिईने नीति लिईने छ ।
- पशुपालनलाई व्यवस्थित गर्न पशुजन्य व्यवसायको अभिलेखीकरण र पशुपंक्षी दर्ता गर्ने कार्यको शुरुवात् गरिनेछ ।
- पशुहरुलाई लाग्ने विभिन्न रोगको उपचारका लागि गाउँपालिकामा कार्यरत पशु प्राविधिकहरुलाई तयारी अवस्थामा राख्ने र सम्बन्धित ठाउँमा यथाशीघ्र पठाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- मासुजन्य पदार्थको उत्पादन तथा विक्री वितरण गर्ने व्यवसायको मापदण्ड तयार गरी लागू गरिनेछ ।

**छ) प्रशासनिक, संस्थागत विकास तथा सुशासन र न्यायिक सम्बन्धी नीति**

- गाउँपालिकाको संगठन संरचना, स्वीकृत दरबन्दी अनुसार प्रशासनिक एकाईहरुको कार्यविवरण तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- कर्मचारीहरुको नतीजामा आधारित कार्यसम्पादन एवम् प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ ।
- ONM सर्भेको आवश्यक कार्यप्रकृया अगाडि बढाइनेछ ।
- गाउँपालिका र वडास्तरमा कम्तीमा पनि वर्षको एकपटक सार्वजनिक सुनुवाइको कार्यक्रम गरिनेछ ।
- स्थानीय तह संस्थागत क्षमता स्व मूल्याङ्कन LISA प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि असल अभ्यासको आदान प्रदान गर्ने उद्देश्यले अवलोकन भ्रमण लगायतका पुनर्ताजगी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा कार्यरत थप जिम्मेवारी वहन गर्ने कर्मचारीहरुलाई थप सेवा सुविधाको व्यवस्था गरिनेछ । (साथै कर्मचारीहरुलाई विशेष प्रोत्साहन तथा आवश्यकताका आधारमा थप सुविधाको व्यवस्था गरिनेछ) ।
- न्यायिक समितिको क्षमता अभिबृद्धि गरी न्यायिक समितिबाट प्रवाह गरिने कार्यलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ साथै एकजना कानून विज्ञको समेत व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यकतामा आधारित क्षमता विकास तथा नेतृत्व विकास तालीमहरु सञ्चालन गरिनेछ ।
- गाउँ पालिकाको प्रशासकीय भवन लादुकबाट सबै सेवा एकै छानामुनि लागु गरि सेवा प्रबाह गर्ने नीति लिईने छ ।
- उद्योग रोजगारी र उत्पादनलाई युबाहरुसंग साझेदारी गर्ने नीति लिईने छ ।
- डिजिटल सेवा लागु गरिने छ ।

**ज) उद्योग वाणिज्य, पर्यटन, बजारीकरण, वन तथा वातावरण सम्बन्धी नीति**

- गाउँ पालिका भित्र साना उधोग स्थापनाको लागि गाउँ पालिकाले सहयोग गर्ने नीति लिईने छ ।
- ढुंगाखानीबाट प्रशोधित उत्पादनहरुलाई बिशेष प्राथमिकता दिईने छ ।
- उद्योग वाणिज्य संघ, लगानी बोर्ड, ठूला व्यापारी तथा तथा व्यवसायिक कम्पनीहरुसँगको सहकार्यमा गाउँपालिका भित्रको सम्भावित उद्यमहरु पहिचान र उद्योग स्थापना गर्न लगानीकर्ताहरुलाई प्रोत्साहन

गरिनेछ । साथै स्थानीय बजारहरुको व्यापार व्यवसाय बढाउन स्थानीय बजारका सामग्रीहरु खरिदको कुरालाई जोड दिइनेछ ।

- स्थानीय बजारलाई व्यवस्थित स्वच्छ र प्रतिस्पर्धी बनाउन तथा उपभोक्ताहरुलाई ठगिनबाट जोगाउनको लागि व्यापारीहरुको सहभागितामा व्यापार आचारसंहिता एवं मूल्यसूचि तयार गरी लागू गरिनेछ ।
- गाउँपालिका भित्र सम्भाव्य खानी, मिनरल वाटर, जडिबुटी आदि उद्यम विकासको सम्भाव्यता अध्ययन गरिनेछ ।
- ग्रामीण पर्यटन प्रबद्र्धनको लागि घरबास कार्यक्रमलाई बढावा दिइनेछ ।साथै गाउँपालिकाभित्रका खनिजजन्य स्लेट ढुङ्गाको प्रवद्र्धन गरिने छ ।
- हिमाली जडीबुटीको अनुसन्धान, प्रबद्र्धन र सङ्कलनमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका थप पर्यटकीय स्थलहरुको पहिचान गरिनेछ साथै पालिकाभित्र पर्ने हिमाल आरोहणका लागि पर्यटकहरुलाई आकर्षित गर्न थप नीति अवलम्वन गरिनेछ ।
- तामाकोसी नदीमा र्याफ्टिङको सम्भाव्यता अध्ययन गरिनेछ ।
- विशेषत :- आलम्पु चिलङ्खा र देउलाङ्गमा स्लेट खानी उत्खननको लागि EIA/IEE मार्फत अनुसन्धान गरिने छ ।
- व्यापारिक क्षेत्रको अनुगमन र म्याद नाघेका खाद्यान्न तथा वस्तुहरु नष्ट गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- स्थानीय बजारको प्रवर्दन गर्न गाउँपालिकाले विशेष निति अवलम्बन गर्ने छ ।
- पाराग्लाईडीङको सम्भाव्य स्थलहरुमा परिक्षणको लागि बजेटको ब्यबस्था गरिने छ ।
- पर्यटन पुर्बधारको लागि आवाश्यक बजेट बिनियोजन गरिने छ ।

**झ) युवा सम्बन्धी नीति**

- उद्योग रोजगारी र उत्पादनलाई युबाहरुसंग साझेदारी गर्ने नीति लिईने छ ।
- परिवर्तनका सम्वाहक युवा जोश जाँगरलाई ध्यानमा राख्दै युवा पुस्ताको नवीन सोच र प्रविधिप्रतिको आकर्षणलाई बढवा दिनका लागि युवाहरुलाई विभिन्न सीप उद्यमशीलतासँग जोडिनेछ र सो का लागि आवश्यक बजेटको समेत व्यवस्था गरिनेछ ।
- सीप सिक्न इच्छुक युवाहरुलाई मूर्तिकला, काष्ठकला, धातुकला आदिको प्रबद्र्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- गाउँपालिकामा गठन भएका विभिन्न युवा क्लब तथा समूहलाई थप सकृय बनाउँदै लगिनेछ ।

## ञ) खेलकुद सम्बन्धी नीति

- खेलकुद बिकासका लागि महिला प्रशिक्षकको ब्यबस्था गरिने छ ।
- युवा तथा खेलकुदलाई समय अनुकुल विकास तथा विस्तारको लागि गाउँपलिका स्तरिय खेलकुद समिति गठन गरि कार्यन्वयनमा ल्याइने छ।
- खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व विकास गर्न गाउँपालिका क्षेत्रमा खेलमैदान लगायत भौतिक पूर्वाधारको विकास गरिनेछ ।
- गाउँपालिका भित्रका राष्ट्रिय, अन्तराष्ट्रिय, तथा प्रादेशिक स्तरमा पदक विजेता खेलाडीहरुलाई सम्मान गरिनेछ ।
- कराँते वा मार्सल आर्टस खेललाई थप उचाइमा पुर्याउनका लागि पहल गरिनेछ ।
- खेलकुदमा युवा वर्गको सहभागिता अभिबृद्धि गर्न स्थानीय संघ संस्था समेतको सहभागितामा विविध खेलकुद प्रतियोगिता सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा खेल शिक्षकको व्यवस्था गर्नका लागि आवश्यक पहल गरिनेछ ।

## ट) राजस्व तथा वित्त व्यवस्थासम्बन्धी नीति

- गाउँ पालिका भित्र उत्पादित बस्तुको निर्यातमा कर छुटको लागी सहजीकरण गरिने नीति लिईएको छ ।
- उद्योग रोजगारी र उत्पादनलाई युबाहरुसंग साझेदारी गर्ने नीति लिईने छ ।
- करको दायरा बढाउनका लागि करका दरको पुनरावलोकन गरिनेछ ।
- कर सचेतना अभिबृद्धि गरी सरोकारवालाहरुलाई बुझाउनका लागि करदाता शिक्षा लागू गरिनेछ ।
- कानून बमोजिम असुल गरिने राजस्व प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक पहल गरिनेछ ।
- करदाताहरुको अभिलेख चुस्त दुरुस्त राखी सबैभन्दा बढी कर संकलन भएको वडालाई साथै सबैभन्दा बढी कर बुझाउने व्यक्तिलाई पुरस्कृत गर्ने नीति लिईने छ ।

## ठ) विपद व्यवस्थापन सम्बन्धी नीति

- विपद व्यवस्थापनका लागि पालिकामा थप उद्धार र राहतका सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- विपदजन्य घटनाको लागि विपदको घटनाबाट बच्नको लागि सुरक्षा निकायहरु सँग समन्यव गरि बिपद्का घटनाहरुबाट सुरक्षा व्यवस्थापनमा सहयोग र सहकार्य गर्ने अन्य निकायहरुसँग विपद हातेमालो गरी कार्यलाई निरन्तरता दिईने छ ।
- विपद् व्यवस्थापनका लागि जनस्तर र विद्यालयस्तरमा विपद सचेतना तथा उद्दारको अभ्यासको कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा विपद् जोखिम नक्सांकनको कार्यलाई पूर्णता दिइनेछ ।
- स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- छिमेकी गाउँपालिका कालिञ्चोक तथा गौरीशङ्करको सहकार्यमा दमकल तथा शव बाहनको व्यवस्थाको लाग आवश्यक प्रबन्ध गरिनेछ ।
- मौसम तथा अन्य विपदको बढ्दो क्रम र पालिकाको भौगोलिक संबेदनशीलतालाई समेत ध्यानमा राखी विपदको पुर्ब तयारी, विपदको अबस्थामा खोज,उद्दार, राहत जस्ता कार्य गर्न प्रत्येक वडामा एक विपद ब्यबस्थापन कोष स्थापना गरि यस आ।ब। बाट संचालनमा ल्याईने छ ।

## ड) फोहोरमैला व्यवस्थापन तथा प्रदूशण नियन्त्रण सम्बन्धी नीति

- छिमेकी गाउँपालिका कालिञ्चोक तथा गौरीशङ्करको सहकार्यमा फोहोर उठाउने साधनको प्रबन्ध गरिनेछ साथै यस गाउँपालिकाको निश्चित क्षेत्र तोकि डम्पिङ साइड बनाइनेछ ।
- सीसा र प्लास्टिकजन्य फोहोरहरु सङ्कलन गरी प्रशोधन गर्ने कार्यलाई सुरुवात गरिनेछ ।
- बजार क्षेत्रका वासिन्दा तथा व्यवसायीहरुलाई आफूले उत्पादन गरेको फोहोर लाई उचित स्थानमा व्यवस्था गर्ने प्रबन्ध मिलाइनेछ ।

## ढ) सहकारी सम्बन्धी नीति

- गाउँपालिकाभित्र स्थापित विभिन्न सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गराइ सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- सहकारीमार्फत् लगानी बृद्धि गरी उद्यममैत्री वातावरण सृजना गरिनेछ ।
- सहकारी संस्था र गाउँपालिकाको साझेदारमि विकासका कार्य गर्ने नीति अवलम्वन गरिनेछ ।
- सहकारी संस्थाहरुमा हुने गतिविधिहरुलाई ऐन, नियम, नियमावली बमोजिम ब्यबस्थित गर्दै सहकारी संस्थाहरुको क्षमता र सहकारी शिक्षा दिने ब्यबस्था मिलाईने छ । साथै सहकारी लेखा ब्यबस्थापन प्रणाली (कोपोमिस) सम्बन्धि क्षमता बिकास कार्यक्रम संचालन गरिने छ ।

**ण) सूचना प्रविधिसम्बन्धी नीतिः**

- गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रवाहमा सूचना तथा प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन कायम गरिनेछ ।
- गाउँपालिकासँग सम्बन्धित सूचना तथा तथ्याङ्कलाई व्यवस्थित रुपमा संकलन गरी विगु डाटा बैंकको स्थापना गरिनेछ ।
- गाउँ पालिका भित्रका सबै डिजिटल सेवाहरुलाई एकीकृत प्रणालीमा बिकास गरि सेवा प्रदान गरिने छ ।

अन्त्यमा,

यस गाउँपालिकाको समग्र विकास र दिगो प्रगतिका लागि सबै पालिकाबासीलाई स्वच्छ, निष्पक्ष, न्यायसंगत र जिम्मेवार नेतृत्व प्रदान गरिने विश्वास दिलाउन चाहन्छु। यसै सन्दर्भमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सक्रिय सहभागिता र सहयोगका लागि सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक अपिल गर्दछु।

धन्यवाद

**प्रस्तुतकर्ता**

**देविका थामी**

**उपाध्यक्ष**